ईमेल- peocsudurpaschim@gmail.com
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

# सुदुरपश्चिम प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
## धनगढी कैलाली, नेपाल

| पत्र संख्याः-२०८१।०८२ | चलानी नं. :- | मिति २०८१।१०।०२ गते |
|---|---|---|

श्री गृह मन्त्रालय।
राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौं ।

### बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) हरुको मिति २०८१।०९।०१ गते बेलुका ०५:०० बजे देखि मिति २०८१।१०।०२ गते बिहान ०७:०० बजे सम्मको दैनिक विपद्संग सम्वन्धित घटनाहरुको विवरण निम्न रहेको ब्यहोरा सादर अनुरोध गरिन्छ।

### निम्नः-

- **जिल्ला डडेल्धुरा**
  - **मो.सा. दुर्घटना सम्बन्धी ।**

मिति २०८१।१०।०१ गते अ. १८:४० बजेको समयमा जिल्ला डडेल्धुरा आलिताल गा.पा. वडा नं. ८ मौरी बजार स्थित जोगबुढा-बुडर भित्रि सडक खण्डमा बुडरबाट आलिताल तर्फ आउदै गरेको चालक जिल्ला कञ्चनपुर बेदकोट न.पा.-२ जणेपानी बस्ने बर्ष ३२ को सुशिल टमटाले चलाएको म १ प ३०७५ नं. को मो.सा. अनियन्त्रित भई सडकमा पल्टिएको प्रहरी चौकी आलिताल डडेल्धुराबाट प्र.ह. दिपेन्द्र सिंह धामीको कमाण्डमा ३ जनाको प्रहरी टोली खटिगई निज घाईतेलाई उपचारको लागी ऐ. गा.पा.को एम्बुलेन्स द्धारा जोगबुढा अस्पताल जोगबुढा डडेल्धुरा तर्फ पठाईएको, अवस्था मध्यम।
**थप टिपोटः**-ऐ.१९:३५ बजेको समयमा उपचार पश्चात डिस्चार्ज भइ घर तर्फ गएको।

- **जिल्ला कैलाली**
  - **१.इप्रका चौमालाः- सवारी दुर्घटना सम्बन्धी**

मिति २०८१।१०।०१ गते ०७:३० बजेको समयमा जिल्ला कैलाली गौरीगंगा न.पा.-२ आमबगैया स्थित भित्री सडक खण्डमा चौमालाबाट बेहडाबाबा तर्फ जाँदै गरेको चालक ऐ.गौरीगंगा न.पा. ६ बस्ने वर्ष अ.२९ को कृष्ण थारु चौधरीले चलाएको से. ५ प १५९७ नम्बरको मो.सा. र बेहडाबाबाबाट चौमाला तर्फ आउदै गरेको चालक ऐ.ऐ. २ बस्ने वर्ष २७ को अनिल चौधरीले चलाएको सु.प.प्र. ०१-००१ ह ३१२७ नम्बरको अटो एक आपसमा ठोक्किन गई दुर्घटना हुदा अनियन्त्रित

भई चालक ऐ.ऐ. २ बस्ने राम बहादुर बि.क.ले चलाएको सु.प.प्र. ०१-००१ ह ५३८२ नम्बरको अटोमा समेत ठोक्किन जाँदा निम्न ब्यक्तिहरु घाइते भइ उपचारको लागी लाइफ केयर क्लिनिक चौमालामा पठाइएको दुबै अटो चालकहरु उपचारमा संलग्न रहेका, उक्त स्थानमा इप्रका चौमालाबाट प्र.ना.नि. राजेन्द्र बहादुर कुमालको कमाण्डमा ट्राफिक प्रहरी सहित ४ जनाको प्रहरी टोली खटिई गएको।

**निम्नः-**

१- मो.सा. चालकको टाउको, मुख र खूट्टामा चोट अवस्था मध्यम ।

२-मो.सा. मा सवार ऐ.ऐ.गौरीगंगा न.पा. ६ बस्ने वर्ष १८ की स्मृती चौधरीको बायाँ हातमा चोट अवस्था सामान्य ।

३-मो.सा.मा सवार ऐ.ऐ. बस्ने वर्ष १६ की बिनिता चौधरीको कम्मरमा चोट अवस्था सामान्य ।

४-सु.प.प्र. ०१-००१ ह ३१२७ नं. अटोमा सवार ऐ. गौरीगंगा न.पा. २ बस्ने वर्ष अ. ७० को प्रेम बि.क.को दायाँ खुट्टामा चोट अवस्था सामान्य ।

५- ऐ.अटोमा सवार ऐ.ऐ. बस्ने वर्ष २० की पुजा बि.क. को दायाँ खुट्टामा चोट अवस्था मध्यम ।

६- ऐ.ऐ. पुजा बि.क.को ६ महिनाको नाबालक छोरा गगन बि.क.को बाहरी चोट नदेखिएको ।

- २.इप्रका मसुरिया:-सवारी दुर्घटना

मिति २०८१।१०।०१ गते बिहान अन्दाजी ११:२५ बजेको समयमा जिल्ला कैलाली गौरीगंगा न.पा. ०७ मनकापुर स्थित भित्री सडक खण्डमा दक्षिणबाट उत्तर तर्फ जादै गरेको चालक ऐ.ऐ. बस्ने बर्ष २५ को दिनेश दसाल ले चलाएको से ७ प ४०२१ नं. को मो.सा.ले सडकमा खेली रहेको ऐ.ऐ.बस्ने भिम ऐरको छोरी बर्ष ४ कि खुसी ऐरलाई ठक्कर दिदा निज बालिकाको टाउको र बाँया हातमा चोट, अवस्था मध्यम । निज घाइते बालिकाको घोडाघोडी अस्पताल सुखड, कैलालीमा उपचार भइरहेको। इप्रका मसुरियाबाट प्र.ब.ना.नि. बम बहादुर खड्काको कमाण्डमा — ५ जनाको प्रहरी टोली खटि गएको।

- ३.इप्रका मालाखेती :-सवारी दुर्घटना सम्बन्धी

मिति २०८१।१०।०१ गतेको अ. १४:१० बजेको समयमा जिल्ला कैलाली गोदावरी न.पा.०२ अत्तरीया चोक स्थित धनगढि बाट भजनि तर्फ आउदै गरेको चालक जिल्ला कैलालि भजनि न.पा.०१ भजनि बस्ने बर्ष २६को केशब चलाउनेले चलाएको सु.प.यातायातको से१ख १३४० नं.को बसले सोहि दिसा तर्फ आउदै गरेको साईकल चालक ऐ.ऐ.०६ बिष्णुपुर बस्ने बर्ष ३५को कैलाश चौधरीलाई पछाडिबाट ठक्कर दिदा सायकल चालकको दाहिने हातमा चोट अबस्था सामान्य, सोहि सायकल पछाडि सवार निजकै श्रीमति बर्ष २६ कि रबिना चौधरीको दाया खुट्टामा चोट अबस्था मध्यम, पदमा अस्ताल अत्तरीया उपचार भई रहेको, उक्त स्थानमा इप्रका मालाखेतीबाट प्र.स.नि.देबराज नेपालिको कमाण्डमा ५ जनाको प्रहरी टोली खटिगएको।

- ४.इप्रका रामपुर ;-सवारी दुर्घटना

मिति २०८१।१०।०१ गतेको १३;३० बजेको समयमा जिल्ला कैलाली कैलारी गा.पा.७ भुईयाफाँटा स्थित हुलाकी राजमार्गमा पुर्व बाट पश्चिम तर्फ आईरहेको चालक ऐ.७ रतनपुर बस्ने बर्ष २९को सिताराम चौधरीले चलाएको सुपप्र ०१-००१ ह ३९३१ नं.को अटो र बिपरित दिशा तर्फ जाँदै गरेको चालक जिल्ला कैलाली गोदावरी न.पा. १० उदाशिपुर बस्ने बर्ष ३१को रमेश चौधरीले चलाएको से ७ प ६४६६ नं. को मो.सा. एक आपसमा ठोकिंदा अटोमा सवार अटो चालकको छोरी बर्ष ६ की प्रतिका चौधरीको दुबै खुट्टा र टाउकोमा चोट लागी उपचारको लागी सेती प्रादेशिक अस्पताल धनगढी पठाईएको,अवस्था सामान्य, उक्त स्थानमा_इप्रका रामपुरबाट प्र.स.नि.पदम सिंह कार्कीको कमाण्डमा प्रहरी टोली खटि गएको।

➢ **५.प्रचौ त्रीनगरः-सवारी दुर्घटना सम्बन्धी**

मिति २०८१।१०।०१ गतेको अं.१७;०० बजेको समयमा जिल्ला कैलाली ध.उ.म.न.पा.३ मिलन चोक स्थित चालक जिल्ला बाजुरा बडिमालिका नगरपालिका ३ बस्ने बर्ष २२ को नवराज चदाराले चलाएको सु.प.प्र.०१-०१२ प.५९४ नं. को स्कुटिले साईकल यात्री जिल्ला कैलाली धनगढी उप-महानगरपालिका ३ बस्ने बर्ष ३० की सरस्वती चन्दलाई ठक्कर दिदा साईकल यात्रीको दाया खुट्टामा चोट अवस्था सामान्य,साईकल पछाडी सवार निजकै छोरी बर्ष ११ की रितिका चन्दको दाया खुट्टा र हातमा चोट अवस्था सामान्य,दुवै जनाको मायामेट्रो अस्पताल धनगढी मा उपचार भईरहेको, उक्त स्थानमा प्रचौ त्रीनगरबाट प्र.ह. मनविर बुढाथोकीको कमाण्डमा २ जनाको प्रहरी टोली खटि गएको।

➢ **६.इप्रका लम्कीः- सवारी दुर्घटना सम्बन्धी**

मिति २०८१।१०।०१ गते १७;३० बजेको समयमा जि.कैलाली लम्कीचुहा न.पा.-१कालिका टोल स्थित भित्रि सडकमा उत्तरबाट दक्षिण तर्फ जादै गरेको चालक जिल्ला कैलाली जानकी गा.पा.९ बस्ने कमल कुवरले चलाएको से.५प.६६४८ नम्बरको मो.सा.र बिपरित दिशाबाट आउदै गरेको चालक जिल्ला कैलाली जानकी गा.पा.८ बस्ने बर्ष ४१ को लोक लोक बहादुर बडुवालले चलाएको सु.प.प्र.०१००८ प.१९३८ नम्बरको मो.सा.एकआपसमा ठोकिन जादा से.५प.६६४८नम्बरको मो.सा.पछडी सवार निजकै छोरा बर्ष ९ को आहान कुवर घाइते भएको, टाउकोमा चोट लालरत्न अस्पताल लम्कीमा सामान्य उपचार पश्चात थप उपचारको लागि निसर्ग हस्पिटल धनगढि पठाएको।

➢ **७.प्रचौ. प्रतापपुरः- मानिस मृत फेला परे सम्बन्धी**

मिति २०८१।१०।०१ गते अं १८;३० बजेको समयमा जिल्ला कैलालि ल.चु. न.पा.-९बस्ने बर्ष ५०को नैन ब. चौधरी ऐ. ल.चु.न.पा. ९ प्रतापपुर बजारबाट २००मिटर उत्तर तर्फ रोडको छेउमा मृत अवस्थामा फेला परेको उक्त स्थानमा प्रचौ. प्रतापपुरबाट प्र.स.नि.धन ब. ठगुन्ना को कमाण्डमा ३ जनाको टोलि खटि गएको।

➢ **८.इप्रका सुखडः- सवारी दुर्घटना सम्बन्धि**

मिति २०८१/१०/०१ गतेको १८:२० बजेको समयमा जिल्ला कैलाली घोडाघोडी नगरपालिका १ जंगल रिसोर्ट नजिक पुर्ब पश्चिम राजमार्गमा पुर्बबाट पश्चिम तर्फ आउदै गरेको चालक जिल्ला कैलाली घोडाघोडी नगरपालिका ५ राजिपुर बर्ष २६ को मुकेश डगौराले चलाएको सु.प.प्र.०१०१०प ४२६७ नम्बरको मो.सा. र बिपरीत दिशा तर्फ जादै गरेको चालक ऐ.ऐ. २ साडेपानि बस्ने बर्ष २५ को करन सिंह थारुले चलाएको से१ह २९६२ नम्बरको अटो एक आपसमा ठोकिदा मो.सा. चालकको टाउकोमा चोट अबस्था मध्यम,मो.सा. पछाडि सवार ऐ.ऐ. २ साडेपानि बस्ने बर्ष १७ को अनमिका चौधरीको टाउको,हात,खुट्टामा चोट अबस्था मध्यम,ऐ. मो.सा. पछाडी सवार ऐ.ऐ. बस्ने बर्ष १७ कि मेनुका चौधरीको टाउको,खुटामा चोट अबस्था मध्यम, अटो चालकको निधारमा चोट अबस्था मध्यम,चारै जनाको घोडाघोडी अस्पताल सुखडमा उपचार भई रहेको, उक्त स्थानमा इप्रका सुखडबाट प्र.स.नि.दमन सिंह कठायतको कमाण्डमा ५ जनाको टोली खटि गएको।

**थप टिपोट;**- ऐ. १९:४५ बजे मो.सा. चालकलाई थप उपचारको लागी नवजिवन अस्पताल धनगढी रिफर गरीएको साथमा आफन्त रहेको।

➢ **९.जिप्रका कैलालीः- सवारी दुर्घटना सम्बन्धि**

मिति २०८१।१०।०१ गते अं.१९;४५ बजेको समयमा जिल्ला कैलाली धनगढी उप-महानगरपालिका ६ मट्यारी ६ नम्बर वडा कार्यालय अगाडी चालक ऐ.ऐ.६ बस्ने बर्ष २१ को किसन रानाले चलाएको सु.प.प्र. ०१०१० प ६१५५ नम्बरको मो.सा. र चालक जिल्ला कैलाली धनगढी उप-महनगरपालिका १२ बस्ने बर्ष २२ को प्रमेश चौधरिले चलाएको सु.प.प्र ०१०१० प १२९८ नम्बरको मो.सा. एकआपसमा ठोकिदा सु.प.प्र. ०१०१० प ६१५५ नम्बरको मो.सा.चालकको दाहिने खुटा र दाहिने हातमा चोट अवस्था मध्यम,घाईतेको निसर्ग अस्पताल धनगढीमा उपचार भई रहेको, उक्त स्थानमा जिप्रका कैलालीबाट प्र.ह. तेज ब. मल्लको कमाण्डमा टोली खटि गएको।

➢ **<u>१०.प्रचौ अमरावती:- सवारी दुर्घटना सम्बन्धी</u>**

मिति २०८१।१०।०१ गते १८:३० बजेको समयमा जिल्ला कैलाली जानकी,गाउँपालिका-८ स्थित ऐ.ऐ. बस्ने बर्ष २५ को तुलसी राम चौधरीले चलाएको रा २ प ३८०९ नम्बरको मोटर साईकलले ऐ.ऐ. ९ बस्ने बर्ष ५५ को पैदल यात्री सिता राम परियारलाई ठक्कर दिंदा आखा,मुख, खुट्टा र छातीमा चोट अवस्था मध्यम मो.सा. चालकको आँखा मुखमा चोट अवस्था सामान्य ऐ.ऐ. १९;३० बजेको समयमा पैदल यात्री सिता राम परियारलाई थप उपचारको लागी कोहलपुर मेडिकल कलेज रिफर साथमा निजको दाई डबल दमाई भनि टीकापुर अस्पतालमा कर्यरत प्र.स.ह.दिलिप बहादुर रावतले यस कार्यालयमा जानकारी गराएको प्रचौ अमरावतीबाट प्र.स.नि.तिर्थ बहादुर खड्कामा प्रहरी टोली खटी गएको उक्त मोटर साईकल यस चौकीको नियन्त्रणमा ।

➢ **<u>११.इप्रका जोशीपुर :- स.दु. सम्बन्धी</u>**

मिति २०८१।१०।०१ गते २०:२० बजेको समयमा जि. कैलाली जोशीपुर गा.पा.१ जोशीपुर बजार चोक स्थित जोशीपुर ४ बाणीबाट भजनी तर्फ जाँदै गरेको चालक जि.कैलाली जोशीपुर गा.पा. ३ बस्ने बर्ष ३४ को रमेश डगौराले चलाएको से४प९४३३ नम्बरको मो.सा. र बिपरित दिशाबाट आईरहेको जि.कैलाली भजनी न.पा.२ बस्ने बर्ष ४१ को श्रीराम डगौराले चलाएको सु.प.प्र.०१-००१ह६७१४ नम्बरको अटो एक आपसमा ठोकिदा मो.सा.चालक रमेश डगौराको चिउडोमा चोट अवस्था,सामान्य,अटो चालक श्रीराम डगौराको छातीमा चोट अवस्था,मध्यम,र मो.सा. र अटोमा पछाडी सवार निम्न मानिसहरू घाईते भई ऐ. जोशीपुर बजार स्थित महापर्वती पोलिक्लिनिकमा उपचार भईरहेको,उक्त स्थानमा इप्रका जोशीपुरबाट प्र.ब.ना.नि.गोपाल कार्कीको कमाण्डमा प्रहरी टोली खटि गएको।

**<u>निम्नः</u>**

**मो.सा.मा पछाडी सवारहरू**

१) जि.कैलाली जोशीपुर गा.पा. ३ बस्ने बर्ष ३४ को सतुरह डगौरा बायाँ खुट्टामा चोट अवस्था सामान्य।
२) ऐ.ऐ. बस्ने बर्ष २४ को नबिन डगौरा बायाँ हात र बायँ खुट्टामा चोट अवस्था सामान्य।
३) ऐ.ऐ. बस्ने बर्ष २४ को बिबेक डगौरा दाहिने आँखिभौंमा चोट ,अवस्था सामान्य।

**अटोमा पछाडी सवारहरू**

१)जि.कैलाली भजनी न.पा.२ बस्ने बर्ष ३४ की निर्मला चौधरी टाउकोमा चोट,अवस्था सामन्य।
२)ऐ.ऐ. बस्ने बर्ष २७की अन्जना कुमारी डगौरा बायाँ आँखाम चोट,अवस्था सामन्य।
३)ऐ.ऐ. बस्ने बर्ष ४० की शिला देबी चौधरी बयाँ हात र बायाँ खुट्टामा चोट,अवस्था सामन्य।
४)ऐ.ऐ. बस्ने बर्ष ३३ को राम किशोन चौधरी बायाँ खुट्टामा चोट,अवस्था सामन्य।
अटो चालक श्रीराम डगौरालाई सामान्य उपचार पश्चात थप उपचारको लागि कैलाली अस्पताल धनगढी पठाईएको।

## <u>अन्य बस्तुस्थिति सामान्य रहेको।</u>